# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) बमोजिम नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विवरण






नेपाल राष्ट्र बैंक
असतोमा सद्गमय।
काठमाडौं नेपाल।

२०७६ असार



नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं।

# भूमिका

मुलुकको केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले आफ्ना काम कारवाहीहरु सर्वसाधारणको जानकारीको लागि प्रकाशन गर्नु आवश्यक हुन्छ । यसका लागि विगतदेखि नै बैंकले नियमित रुपमा विभिन्न सामग्री प्रकाशन गरिरहेको छ । यसका साथै बैंकको वेबसाइट (www.nrb.org.np) मार्फत पनि नियमित रुपमा सूचना सम्प्रेषण हुने गरेको छ ।

सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सार्वजनिक निकायका काम कारवाहीलाई खुला र पारदर्शी बनाउनुपर्ने हुन्छ । यस ऐनले सार्वजनिक निकायका नीतिगत, प्रक्रियागत तथा व्यवस्थापकीय गतिविधि समेटेर विवरणहरु सार्वजनिक गर्नुपर्ने व्यवस्था गरेको छ । सोही प्रावधान बमोजिमका विषयवस्तु समेटी यो पुस्तिका प्रकाशन गरिएको छ ।

यो पुस्तिका प्रकाशन गर्न सहयोग पुऱ्याउनु हुने सम्बन्धित विभागका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दछु ।

कार्यकारी निर्देशक
तथा
प्रवक्ता एवं सूचना अधिकारी

मितिः २०७६ असार

# विषय सूची

**विवरण** **पेज नं.**

१. नेपाल राष्ट्र बैंक १
२. संगठनात्मक स्वरुप २
३. नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या २
४. कार्य क्षेत्र ३
५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा ३
६. गुनासो सुनुवाइ सम्बन्धि व्यवस्था ३
७. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर ४
८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि ५
९. निर्णय गर्ने प्रक्रिया र अधिकारी ५
१०. निर्णय उपर उजुरी सुन्ने अधिकारी ६
११. सम्पादन गरेको कामको विवरण ६
१२. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बर ८
१३. ऐन नियम र निर्देशिकाको सूची ८
१४. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण ११
१५. अन्य विवरण १२

## १. नेपाल राष्ट्र बैंक

### (क) परिचय

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन) अनुसार मुलुकको केन्द्रीय बैंकको रुपमा नेपाल राष्ट्र बैंकले आफ्नो काम कारबाही गर्दै आएको छ । नेपाली मुद्राको निष्कासन, बैंकिङ तथा वित्तीय क्षेत्रको नियमन, निरीक्षण, सुपरिवेक्षण, अनुगमन, मूल्य स्थिरता, शोधनान्तर स्थिरता, विदेशी विनिमय व्यवस्थापन, आर्थिक अनुसन्धान तथा अन्वेषण, बैंकिङ तथा भुक्तानी प्रणालीको विकास लगायतका क्षेत्रमा नेपाल राष्ट्र बैंकले कार्य गर्दछ । नेपाल राष्ट्र बैंक नेपाल सरकारको आर्थिक सल्लाहकार पनि हो ।

### (ख) दूरदृष्टि

आधुनिक, गतिशील, विश्वसनीय र प्रभावकारी केन्द्रीय बैंकको रुपमा स्थापित हुने दूरदृष्टि यस बैंकले लिएको छ ।

### (ग) लक्ष्य

मौद्रिक, विदेशी विनिमय र वित्तीय क्षेत्रसम्बन्धी सबल (sound) र प्रभावकारी नीतिका माध्यमबाट समग्र आर्थिक स्थिरता हासिल गर्ने ।

### (घ) उद्देश्य

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका उद्देश्यहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) आर्थिक स्थायित्व र अर्थतन्त्रको दिगो विकासको निमित्त मूल्य र शोधनान्तर स्थिरता कायम गर्नको लागि आवश्यक मौद्रिक तथा विदेशी विनिमय नीति निर्माण गरी सोको व्यवस्थापन गर्ने,


(ख) वित्तीय सेवाको पहुँच अभिवृद्धि र बैंकिङ्ग तथा वित्तीय क्षेत्रको स्थायित्व कायम गरी बैंकिङ्ग तथा वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिवृद्धि गर्ने,

(ग) सुरक्षित, स्वस्थ तथा सक्षम भुक्तानी प्रणालीको विकास गर्ने,

उपरोक्त उद्देश्यमा कुनै प्रतिकुल प्रभाव नपर्ने गरी बैंकले नेपाल सरकारको आर्थिक नीति कार्यान्वयनमा सहयोग पुऱ्याउनेछ ।

## २.    संगठनात्मक स्वरुप

नेपाल राष्ट्र बैंकको संगठन तालिका यस प्रकार रहेको छ :




## ३.    नेपाल राष्ट्र बैंकको संगठनात्मक स्वरुप र कर्मचारी संख्या:

आर्थिक वर्ष २०७५/७६ सालको लागि नेपाल राष्ट्र बैंकको स्वीकृत दरबन्दी निम्नानुसार रहेको छ :

| तह | संख्या |
|---|---|
| अधिकृत विशिष्ट | १७ |
| अधिकृत प्रथम | ५२ |
| अधिकृत द्वितीय | १८४ |
| अधिकृत तृतीय | ३९४ |
| सहायक प्रथम | १०३ |
| सहायक द्वितीय | ३७० |
| सहायक तृतीय | ४३ |
| कार्यालय सहयोगी प्रथम | ३० |
| कार्यालय सहयोगी द्वितीय | ३५ |
| कार्यालय सहयोगी तृतीय | १ |
| कार्यालय सहयोगी चतुर्थ | ६१ |
| ***कुल स्वीकृत दरबन्दी*** | ***१२९०*** |

**२०७६ असार मसान्तसम्म कार्यरत कुल कर्मचारी संख्या : १०२४**

## ४. कार्य क्षेत्र

नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन) मा नेपाल राष्ट्र बैंकका कार्यहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।

(क) बैंक नोट तथा सिक्का निष्कासन गर्ने,

(ख) मूल्य स्थिरता कायम गर्न आवश्यक मौद्रिक नीति तर्जुमा गर्ने र सो नीति कार्यान्वयन गर्ने, गराउने,

(ग) विदेशी विनिमय नीति निर्माण गर्ने तथा सो नीति कार्यान्वयन गर्ने, गराउने,

(घ) विनिमय दर पद्धति निर्धारण गर्ने,

(ङ) विदेशी विनिमय सञ्चितिको व्यवस्थापन र सञ्चालन गर्ने,

(च) वाणिज्य बैंक तथा वित्तीय संस्थालाई बैकिङ तथा वित्तीय कारोबार गर्न इजाजतपत्र जारी गर्ने, त्यस्तो कारोबारको सम्बन्धमा आवश्यक नियमन, निरीक्षण, सुपरिवेक्षण तथा अनुगमन गर्ने,

(छ) नेपाल सरकारको बैंकर, सल्लाहकार तथा वित्तीय एजेन्टको रुपमा कार्य गर्ने,

(ज) वाणिज्य बैंक तथा वित्तीय संस्थाको बैंक तथा अन्तिम ऋणदाताको रुपमा कार्य गर्ने,

(झ) भुक्तानी, फछ्र्यौट (क्लियरिङ) तथा हिसाब मिलान (सेटलमेन्ट) पद्धतिको स्थापना तथा प्रवर्द्धन गरी सो कार्यलाई नियमित गर्ने, र

(ञ) तरलता व्यवस्थापनको निमित्त आवश्यक उपकरणको माध्यमद्वारा खुला बजार कारोवार सञ्चालन गर्ने,

(ट) यस ऐन बमोजिम बैंकको उद्देश्य हासिल गर्नको निमित्त बैंकले गर्नु पर्ने अन्य आवश्यक कार्यहरु कार्यान्वयन गर्ने, गराउने ।

## ५. नेपाल राष्ट्र बैंकले गर्ने कार्य र सेवा

(क) माथि बुँदा नं. ४ मा उल्लिखित कार्य क्षेत्र अन्तर्गतका कार्यहरु

(ख) सरकारी कारोबार अन्तर्गत सर्वसाधारणलाई बैंकिङ सेवा प्रदान गर्ने

(ग) सर्वसाधारणलाई नेपाली रुपैया सटही सुविधा उपलव्ध गराउने ।

(घ) सर्वसाधारणलाई विदेशी मुद्रा सटही सुविधा उपलव्ध गराउने ।

(ङ) बैंकको दैनिक प्रशासन सम्बन्धी कार्यहरु ।

## ६. गुनासो सुनुवाइ सम्बन्धि व्यवस्था

बैंक तथा ऋणीबीचको कारोबारमा कुनै पनि पक्षलाई मर्का पर्न गएमा त्यस्तो मर्काको सुनुवाइको लागि नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०६३/०८/२९ को निर्णयानुसार डेपुटी गभर्नरको संयोजकत्वमा अर्थ मन्त्रालयको प्रतिनिधि र बैंकर्स संघको अध्यक्ष सदस्य तथा उद्योग वाणिज्य महासंघको प्रनिनिधि पर्यवेक्षकको रुपमा रहने गरी गुनासो व्यवस्थापन समिति रहेको छ ।

## ७. विभाग, महाशाखा र जिम्मेवार अधिकारीको सम्पूर्ण टेलिफोन नम्बर

| सि.नं. | जिम्मेवार अधिकारी | विभाग/महाशाखा/ कार्यालय | टेलिफोन नम्बर |
|---|---|---|---|
| १. | कार्यकारी निर्देशक<br>श्री लक्ष्मीप्रपन्न निरौला | मुद्रा व्यवस्थापन विभाग | ०१-४४४१०४४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२२ |
| २. | कार्यकारी निर्देशक<br>श्री महेश्वरलाल श्रेष्ठ | बैंक सुपरिवेक्षण विभाग | ०१-४४१७४९७<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२३ |
| ३. | कार्यकारी निर्देशक<br>श्री भुवन कडेंल | विकास बैंक सुपरिवेक्षण विभाग | ०१-४४१२३०७<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२० |
| ४. | कार्यकारी निर्देशक<br>डा. नेफिल मातङ्गि मास्के | गभर्नरको कार्यालय | ०१-४४१०३८६<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ३२० |
| ५. | कार्यकारी निर्देशक<br>श्री निलम तिम्सिना | आन्तरिक लेखा परिक्षण विभाग | ०१-५०१०१६१<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ८२३ |
| ६. | कार्यकारी निर्देशक<br>श्री देव कुमार ढकाल | भुक्तानी प्रणाली विभाग | ०१-४४४३८७८<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ५०३ |
| ७. | कार्यकारी निर्देशक<br>श्री मुकुन्द कुमार क्षेत्री | सामान्य सेवा विभाग | ०१-४४११८३४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०४ |
| ८. | कार्यकारी निर्देशक<br>श्री पिताम्बर भण्डारी | जनशक्ति व्यवस्थापन विभाग | ०१-४४१४०१४<br>०१-४४१९-८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०५ |
| ९. | कार्यकारी निर्देशक<br>श्री सुनिल उदाश | वित्त कम्पनी सुपरिवेक्षण विभाग | ०१-४४१४९९६<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२५ |
| १०. | कार्यकारी निर्देशक<br>श्री ऋषिकेश भट्ट | वित्त व्यवस्थापन विभाग | ०१-४४११६२२<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०९ |
| ११. | कार्यकारी निर्देशक<br>श्री प्रदीपराज पौड्याल | संस्थागत योजना विभाग | ०१-४४४१०४०<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ११३ |
| १२. | कार्यकारी निर्देशक<br>डा. गुणाकर भट्ट | अनुसन्धान विभाग | ०१-५०१०१६३<br>एक्सटेन्सन नं. ८४५ |
| १३. | कार्यकारी निर्देशक<br>श्री नरेश शाक्य | बैंकिङ्ग कार्यालय | ०१-४४४१०४४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२६ |
| १४. | कार्यकारी निर्देशक<br>श्री सुमनकुमार अधिकारी | राष्ट्र ऋण व्यवस्थापन विभाग | ०१-४१०१७४२<br>०१-४४१९- ८०४ (८०५-८०७) |

| | | | |
|---|---|---|---|
| १५. | कार्यकारी निर्देशक<br>डा. प्रकाशकुमार श्रेष्ठ | लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग | ०१-४४१२८२३<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ५०२ |
| १६. | कार्यकारी निर्देशक<br>श्री सरिता भट्ट (अधिकारी) | विदेशी विनिमय व्यवस्थापन विभाग | ०१-४४१२२०४<br>०१-४४१९८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०६ |
| १७. | का.मु.कार्यकारी निर्देशक<br>श्री बमबहादुर मिश्र | बैंक तथा वित्तीय संस्था नियमन विभाग | ०१-४४११४०७<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १०३ |
| १८. | निर्देशक<br>श्री रेवतिप्रसाद नेपाल | कानून महाशाखा | ०१-४४४१०५१<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. ११० |
| १९. | निर्देशक<br>श्री रामु पौडेल | वित्तीय जानकारी इकाई | ०१-४४१०५१५<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२१ |
| २०. | निर्देशक<br>श्री शिवराम दवाडी | सूचना प्रविधि विभाग | ०१-४४१३५८४<br>०१-४४१९- ८०४ (८०५-८०७)<br>एक्सटेन्सन नं. १२७ |

## ८. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि:

(क) सेवा प्राप्त गर्न लाग्ने दस्तुर: सामान्यतया: यस बैंकबाट प्राप्त हुने सेवा प्राप्त गर्न लागि टिकट वा दस्तुर नलाग्ने व्यवस्था गरिएको छ । यस बैंकबाट इजाजतपत्र प्रदान गर्ने सिलसिलामा भने तोकिए बमोजिमको शुल्क बुझाउनु पर्ने हुन्छ ।

(ख) सेवा प्राप्त गर्न लाग्ने अवधि: सेवा प्राप्त गर्न यस बैंकबाट जारी निर्देशिका र सूचनामा उल्लेख भएबमोजिमको अवधि लाग्नेछ ।

## ९. निर्णय गर्ने प्रक्रिया र अधिकारी

यस बैंकमा गरिने निर्णयहरु सामान्यतया: नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८) बमोजिम हुने गर्दछन् । नीतिगत निर्णयको हकमा भने सामूहिक निर्णय प्रक्रिया अवलम्बन हुने गर्दछ । मौद्रिक नीति लगायत अन्य महत्वपूर्ण नीति निर्माण गर्दा गभर्नरको अध्यक्षतामा रहेको व्यवस्थापन समितिमा विस्तृत छलफल गरी सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ । वित्तीय क्षेत्रलाई नियमन गर्न जारी गरिने निर्देशन तथा परिपत्रहरुका सम्बन्धमा वरिष्ठ डेपुटी गभर्नरको संयोजकत्वमा रहेको नियमन समितिको सिफारिसमा गभर्नरबाट अन्तिम स्वीकृति प्रदान हुने व्यवस्था रहेको छ । **यसरी नेपाल राष्ट्र बैंकका अधिकांश काम कारवाहीहरु "सामुहिक निर्णय पद्धति" बमोजिम हुने गर्दछन् ।**

नीति निर्देशन कार्यान्वयन एवम् कारवाहीका सम्बन्धमा सम्बन्धित डेपुटी गभर्नरको अध्यक्षतामा रहेको नीति निर्देशन कार्यान्वयन समितिमा छलफल भई गभर्नर वा सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## १०. निर्णय उपर उजुरी सुन्ने अधिकारी

निर्णय उपर उजुरी सुन्ने अधिकारी निर्णय गर्ने अधिकारीभन्दा एक तह माथिको अधिकारी वा निकाय हुनेछ ।

## ११. सम्पादन गरेको कामको विवरण

(क) मौद्रिक नीति अन्तर्गतका कार्यहरुको प्रगति विवरण (आर्थिक वर्ष २०७५/७६)

| क्र.सं. | लक्ष्य/कार्यक्रम | कार्यान्वयन स्थिति |
|---|---|---|
| १ | आर्थिक वर्ष २०७५/७६ मा उपभोक्ता मुद्रास्फीतिलाई ६.५ प्रतिशतभित्र सीमित गर्ने । | आर्थिक वर्ष २०७५/७६ मा वार्षिक औसत उपभोक्ता मुद्रास्फीति ४.६ प्रतिशत रहेको छ । २०७४/७५ मा यस्तो मुद्रास्फीति ४.२ प्रतिशत रहेको थियो । |
| २ | कम्तीमा ८ महिनाको वस्तु तथा सेवाको आयात धान्न पर्याप्त हुने विदेशी विनिमय सञ्चिति कायम गर्ने । | आर्थिक वर्ष २०७५/७६ मा रहेको विदेशी विनिमय सञ्चिति रु. १०३८ अर्ब ९२ करोडले ८.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ । |
| ३ | आर्थिक वर्ष २०७५/७६ को लागि नेपाल सरकारले तय गरेको ८.० प्रतिशतको आर्थिक वृद्धिदरलाई सहयोग पुऱ्याउने गरी आवश्यक मौद्रिक तरलताको व्यवस्था गर्ने । | आर्थिक वर्ष २०७५/७६ मा कुल आन्तरिक कर्जा २०.१ प्रतिशतले बढेको छ । यस अवधिमा मौद्रिक क्षेत्रको निजी क्षेत्रमाथिको दाबी १९.१ प्रतिशतले बढेको छ । |
| ४ | विस्तृत मुद्राप्रदायको वृद्धिदरलाई १८ प्रतिशतको सीमाभित्र कायम राख्ने । | आर्थिक वर्ष २०७५/७६ मा विस्तृत मुद्राप्रदाय १५.८ प्रतिशतले बढेको छ । |
| ५ | निजी क्षेत्रतर्फको कर्जा विस्तारको सीमा २० प्रतिशत राख्ने । | आर्थिक वर्ष २०७५/७६ मा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्र तर्फ प्रवाहित कर्जा १९.४ प्रतिशतले बढेको छ । |

(ख) आर्थिक वर्ष २०७५/७६ मा सम्पन्न प्रमुख कार्यहरु :

१. **मौद्रिक व्यवस्थापनः** आर्थिक वर्ष २०७५/७६ मा यस बैंकले रु. १०० अर्ब ३५ करोड तरलता प्रशोचन गरेको छ । यसमध्ये, निक्षेप संकलन बोलकबोलमार्फत् कुल रु. ७९ अर्ब ६५ करोड र रिभर्स रिपोमार्फत् रु. २० अर्ब ७० करोडको तरलता प्रशोचन भएको छ । आर्थिक वर्ष २०७५/७६ मा बैंक तथा वित्तीय संस्थाहरुले रु. १५४ अर्ब ३३ करोड स्थायी तरलता सुविधा उपयोग गरेका छन् । यस अवधिमा खुलाबजार कारोवार अन्तर्गत रिपो मार्फत कुल रु. १६८ अर्ब १६ करोड तरलता प्रवाह गरिएको छ। आर्थिक वर्ष २०७५/७६ मा यस बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर ३ अर्ब १९ करोड खुद खरिद गरी रु. ३६० अर्ब ९१ करोड खुद तरलता प्रवाह गरेको छ ।

२. **विदेशी विनिमय व्यवस्थापन** : २०७५ असार मसान्तको कुल विदेशी विनिमय सञ्चिति रु. ११०२ अर्ब ५९ करोड रहेकोमा २०७६ असार मसान्तमा रु. १०३८ अर्ब ९२ करोड रहेको छ । कुल विदेशी विनिमय सञ्चितिमध्ये २०७५ असार मसान्तमा नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति रु. ९८९ अर्ब ४० करोडमा कमी आई २०७६ असार मसान्तमा रु. ९०२ अर्ब ४४ करोड कायम रहन आएको छ । आर्थिक वर्ष २०७५/७६ को आयातलाई आधार मान्दा बैकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ८.९ महिनाको वस्तु आयात र ७.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

३. **मर्जर तथा प्राप्ति**को परिणामस्वरुप नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरुको संख्या २०७६ असार मसान्तसम्ममा १७१ रहेको छ । यसमा वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त वित्तीय संस्थाहरु र पूर्वाधार विकास बैंकको संख्या क्रमशः २८, २९, २३, ९० र १ रहेको छ । यस बैंकले बैंक तथा वित्तीय संस्था गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी प्रक्रिया शुरु गराएपश्चात् २०७६ असार मसान्तसम्ममा कुल १७१ वटा बैंक तथा वित्तीय संस्थाहरु मर्जर/प्राप्ति प्रकृयामा सामेल भई १२८ वटा संस्थाहरुको इजाजत खारेज हुन गई कुल ४३ संस्था कायम भएका छन् ।

४. **वित्तीय सेवाको माग** पक्षलाई सुदृढीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम र विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रमलाई यस आर्थिक वर्षमा पनि निरन्तरता दिइएको छ । यस आर्थिक वर्षमा २०७६ असारसम्म ३३ वटा वित्तीय साक्षरता कार्यक्रम र ८ वटा विद्यार्थीसँग नेपाल राष्ट्र बैंक कार्यक्रम सञ्चालन भइसकेका छन् । यसबाट मुलुकका विभिन्न ग्रामीण क्षेत्रका महिला, गरिब, विद्यार्थी तथा पिछडिएको वर्गका सर्वसाधारण लाभान्वित भएका छन् ।

५. **अनुसन्धानः** यस बैंकको अनुसन्धान विभागले मुलुकको प्रमुख आर्थिक तथा वित्तीय सूचकाङ्कहरुको जानकारी दिने मासिक प्रकाशन -'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति' को २०७६ असार सम्मको अङ्क सार्वजनिक गरेको छ ।

यस बैंकबाट विभिन्न आर्थिक वर्षमा भएका काम कारवाहीको विस्तृत विवरण निम्न अनुसारको लिंकमा गई हेर्न सकिने व्यवस्था गरिएको छ ।

https://www.nrb.org.np/ofg/current_macroeconomic/CMEs%20Nine%20Months%20Nepali%202075-76.pdf

https://www.nrb.org.np/ofg/current_macroeconomic/CMEs%20Nine%20Months%20English%202075-76.pdf

https://nrb.org.np/ofg/current_macroeconomic/CMEs%20Nine%20Months%20Tables%202075-76.xlsx

https://www.nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_(in_Nepali)--2075-76_(Full_Text)-new.pdf

https://www.nrb.org.np/ofg/monetary_policy/Monetary_Policy_(in_English)--2018-19_(Full_Text)-new.pdf

https://nrb.org.np/red/publications/annual_reports/in_Nepali--2073-74-new.pdf

## १२. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

प्रमुखः
गभर्नर डा. चिरंजीबि नेपाल
फोन नं.: ०१-४४१०३८६
०१-४४१९-८०४ (८०५-८०७)
एक्सटेन्सन नं. १११

सूचना अधिकारी तथा प्रवक्ता :
कार्यकारी निर्देशक श्री लक्ष्मीप्रपन्न निरौला
फोन नं.: ०१-४४११४०७
०१-४४१९-८०४(८०५-८०७)
एक्सटेन्सन नं. १२२

सह-प्रवक्ता :
निर्देशक श्री गोविन्दप्रसाद नागिला
फोन नं.: ०१-४४१९-८०४ (८०५-८०७)
एक्सटेन्सन नं. १०८

सहायक सूचना अधिकारी :
उप-निर्देशक श्री प्रदीप भट्टराई
फोन नं.: ०१-४४१९-८०४ (८०५-८०७)
एक्सटेन्सन नं. ४२१

## १३. ऐन नियम र निर्देशिकाको सूची

**ऐनहरु**

१. नेपाल राष्ट्र बैंक ऐन, २०५८ (दोश्रो संशोधन २०७३ सहित)।
२. विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित)।
३. बैंक तथा वित्तीय संस्था ऋण असुली ऐन, २०५८।
४. वित्तीय मध्यस्थताको काम गर्ने संस्था सम्बन्धी ऐन, २०५५ (संशोधन सहित)।
५. राष्ट्र ऋण ऐन, २०५९।
६. कम्पनी ऐन, २०६३।
७. दामासाही ऐन, २०६३।
८. सुरक्षित कारोबार ऐन, २०६३।
९. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३।
१०. सार्वजनिक खरिद ऐन, २०६३।
११. सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (दोश्रो संशोधन २०७०)।
१२. बैकिङ कसुर तथा सजाय ऐन, २०६४ (पहिलो संशोधन २०७३)।
१३. सूचनाको हक सम्बन्धी ऐन, २०६४।

१४. बैंक तथा वित्तीय संस्था सम्बन्धी कानूनमा संशोधन र एकीकरण गर्न बनेको ऐन, २०७३ ।

**विनियमावली तथा निर्देशिका**

१. खुला बजार कारोबार विनियमावली, २०७१ ।
२. नेपाल राष्ट्र बैंक खरिद विनियमावली, २०७१ (तेस्रो संशोधन २०७५ सहित) ।
३. भुक्तानी तथा फछ्र्यौट विनियमावली, २०७२ (प्रथम संशोधन २०७३ सहित) ।
४. समस्याग्रस्त संस्था रिजोलुसन विनियमावली, २०७१ ।
५. वित्तीय मध्यस्थता सम्बन्धी विनियमावली, २०५६ ।
६. नेपाल राष्ट्र बैंक कर्मचारी सेवा विनियमावली, २०६८ ( तेश्रो संशोधन २०७४ सहित) ।
७. नेपाल राष्ट्र बैंक प्रकाशन निर्देशिका, २०६८ ।
८. नेपाल राष्ट्र बैंक बजेट निर्देशिका, २०६१ (दोश्रो संशोधन २०७२ सहित) ।
९. नोट छपाइ तथा सिक्का टकमरी निर्देशिका, २०६५ (पहिलो संशोधन २०७५ सहित) ।
१०. ऋणपत्रको प्राथमिक तथा दोश्रो बजार व्यवस्थापन नियमावली, २०६१ ।
११. नेपाल राष्ट्र बैंक राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४ ।
१२. नेपाल राष्ट्र बैंक अख्तियार प्रत्यायोजन विनियमावली, २०६५ (पहिलो संशोधन २०६८ सहित) ।
१३. नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ । पहिलो संशोधन २०७४ सहित)
१४. बैंक तथा वित्तीय संस्थाको शीघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०७४ ।
१५. नेपाल राष्ट्र बैंक कार्य व्यवस्था विनियमावली, २०५९ ।
१६. राष्ट्र ऋण नियमावली, २०५९ (दोश्रो संशोधन २०६७ सहित) ।
१७. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली, २०५९ । (पहिलो संशोधन २०७४ सहित)
१८. नेपाल राष्ट्र बैंक कर्जा सूचना विनियमावली, २०५९ ।
१९. नेपाल राष्ट्र बैंक नोट सट्टाभर्ना नियमावली, २०५९ ।
२०. नेपाल राष्ट्र बैंक नोट तथा सिक्का नियमावली, २०५९ ।
२१. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४ ।
२२. नेपाल राष्ट्र बैंक संचालक समितिको बैठक तथा छाप सम्बन्धी विनियमावली, २०६३ ।
२३. नेपाल राष्ट्र बैंक नगद सम्बन्धी विनियमावली, २०६३ ।
२४. नेपाल राष्ट्र बैंक कागजात धुल्याउने विनियमावली, २०६४ ।
२५. नेपाल राष्ट्र बैंक उच्च अध्ययन सम्बन्धी कार्यविधि, २०६२ (संशोधन सहित) ।
२६. Nepal Rastra Bank IT Policy, 2068
२७. विदेशी बैंकका शाखा स्थापना सम्बन्धी नीति, २०६६ ।
२८. अन्तिम ऋणदाता सम्बन्धी नीतिगत व्यवस्था, २०६७ ।
२९. बिदेशी विनिमयमा ऋण लिने दिने सम्बन्धी व्यबस्था ।
३०. बैंक तथा वित्तीय संस्था एक आपसमा गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) सम्बन्धी विनियमावली, २०७३ (दोश्रो संशोधन २०७४ सहित) ।
३१. लघुवित्त नीति, २०६४ ।
३२. ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ।
३३. BOP Manual, 2061
३४. अन्तर बैंक भुक्तानी सम्बन्धी कार्यविधि २०७३ ।

३५. Assets (Money) Laundering Prevention Rule, 2016
३६. मौद्रिक नीति तर्जुमा कार्यविधि, २०७३ ।
३७. नेपाल राष्ट्र बैंक विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी कार्यविधि, २०७२ ।
३८. नेपाल राष्ट्र बैंक खर्च व्यवस्थापन विनियमावली २०६४ (संशोधन सहित) ।
३९. Foreign Currency Loan Policy 2059
४०. नेपाल राष्ट्र बैंक लेखा निर्देशिका २०६५ (दोस्रो संशोधन २०७३) ।
४१. राष्ट्र ऋण व्यवस्थापन मार्गदर्शन, २०७४ ।
४२. NRB Board of Directors Meeting and Seal Related Byrules 2063 revised
४३. Qualification of Directors and CEO Bylaws, 2074
४४. नेपाल राष्ट्र बैंक नोट धुल्याउने नियमावली २०५९ (पहिलो संशोधन, २०७४)
४५. नेपाल राष्ट्र बैंक निरीक्षण तथा सुपरिवेक्षण विनियमावली, २०७४
४६. उपभोक्ता मूल्य सङ्कलन उपभोक्ता मूल्य सङ्कलनतथा निरीक्षण निर्देशिका निर्देशिका, २०७३
४७. शोधनान्तर तथ्याङ्क संकलन निर्देशिका, २०६१
४८. राष्ट्रिय लघु वित्त नीति, २०६४
४९. नेपाल राष्ट्र बैंक विदेशी विनिमय कारोवार इजाजत पत्र तथा निरीक्षण विनियमावली,२०६७
५०. नेपाल राष्ट्र बैंक विप्रेषण विनियमावली, २०६७
५१. नेपाल राष्ट्र बैंक मनिचेञ्जर विनियमावली, २०६७
५२. Payment System Oversight Framework
५३. सुनचाँदी तथा अन्य धातु खरिद, टकमरी र बिक्री सम्बन्धी कार्यविधि, २०७५
५४. हायर पर्चेज कर्जा दिने कम्पनीलाई स्वीकृति दिने नीतिगत एवं प्रक्रियागत व्यवस्था, २०७० -दोस्रो संशोधन, २०७५)
५५. पूर्वाधार विकास बैंकको इजाजत सम्बन्धी नीतिगत व्यवस्था, २०७४

## १४. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण

बै.फा.१७४

### नेपाल राष्ट्र बैङ्क

**२०७६ असार ३१ गतेको मासिक वासलात (अपरिष्कृत)**

**नेपाल राष्ट्र बैङ्क ऐन, २०५८ दफा ९३ (२) बमोजिम**

**मुद्रा व्यवस्थापन विभाग**

| दायित्व | रु. | सम्पत्ति | रु. |
|---|---|---|---|
| १. बैकिङ्ग अफिसमा नोट मौज्दात | ३,८०९,८२१,०२७ | १. विदेशी मुद्रा र सेक्युरिटी | ५०७,०६०,०००,००० |
| २. चलन चल्तीमा रहेको नोट | ५०३,२५०,१७८,९७३ | | |
| जम्मा निष्काशित नोट | ५०७,०६०,०००,००० | | |
| **जम्मा दायित्व** | **५०७,०६०,०००,०००** | **जम्मा सम्पत्ति** | **५०७,०६०,०००,०००** |

**बैकिङ्ग विभाग**

| इक्वीटी तथा दायित्व | रु. | सम्पत्ति | रु. |
|---|---|---|---|
| १ मुलधन | ५,०००,०००,००० | १ नोट | ३,८०९,८२१,०२७ |
| २ साधारण जगेडा कोष | ३२,७६९,७४४,९२४ | २ रेच्की | – |
| ३ मौद्रिक दायित्व कोष | ७,२७०,९६७,७२६ | ३ विदेशी मुद्रा | १५,५५०,८५१,७३९ |
| ४ विकास कोषहरु | ३५,९४७,०३९,२८५ | ४ विदेशी बैंक मौज्दात | २९,९५१,६०४,६११ |
| ५ घ.सा.उ. विकास कोष | – | ५ एस.डी.आर. संचिती | ३५४,८१०,६३२ |
| ६ सटही समिकरण कोष | ९७,३०१,६३८,३६६ | ६ विदेशी बण्ड | १२४,६४९,६९६,७०९ |
| ७ सुनचाँदी समिकरण कोष | ८,६६९,०००,७९५ | ७ खरिद र डिस्काउण्ट गरेको विल | |
| ८ सेक्युरिटी पुनरमुल्यांकन कोष | – | (क) स्वदेशी | ७४६,१५८ |
| ९ निक्षेप | | (ख) विदेशी | – |
| (क) नेपाल सरकार | ९५,६०५,३७१,४६७ | ८ लगानी | |
| (ख) बाणिज्य बैङ्कहरु | १६५,८९७,०७६,७८१ | क. विदेशी सेक्युरिटी | २५७,०६८,७७३,०३६ |
| (ग) विशेष निक्षेप | – | ख. नेपाल सरकारको सेक्युरिटी | ६५,४४७,९४८,०८१ |
| (घ) अन्य | ३७,३६९,९१३,६६९ | ग. वित्तीय र संस्थानहरुको सेक्युरिटी | ३,५१६,३१९,५०९ |
| १० भुक्तानी दिनुपर्ने बिल | २२१,५३५,७२१ | घ. रिपो विदेशी | – |
| ११ ने.रा.बै. ऋणपत्र हिसाब | – | ङ. अन्य संस्थानहरुको सेक्युरिटी | ३१,०००,००० |
| १२ रिभर्सरिपो सेक्युरिटी वापतको दायित्व | – | ९ कर्जा र सापट | |
| १३ एस.डी.आर. बाँडफाँड | १०,४६८,२५५,८५३ | क. नेपाल सरकारलाई | – |
| १४ अन्य दायित्व | ७१,०२६,३९३,७१५ | ख. वाणिज्य बैंकहरुलाई | २१,२८२,५७४,२२९ |
| | | ग. वित्तीय संस्थाहरुलाई | १,६२२,२१६,१८१ |
| | | घ. स्थायी तरलता सुबिधा | – |
| | | ङ. अन्य कर्जा र सापट | ३,६३७,३८४,७०२ |
| | | १० सुन मौज्दात | २,८७०,२९७,४८६ |
| | | ११. अन्य सम्पत्ति | ३७,७५२,८९४,२०२ |
| **जम्मा इक्वीटी तथा दायित्व** | **५६७,५४६,९३८,३०२** | **जम्मा सम्पत्ति** | **५६७,५४६,९३८,३०२** |

| (रमेश अर्याल) | (नवराज सुनुवार) | (चैतप्रसाद उप्रेती) | (ऋषिकेश भट्ट) |
|---|---|---|---|
| सहायक निर्देशक | नि. उप निर्देशक | निर्देशक | कार्यकारी निर्देशक |

**१५. अन्य विवरण**

(क) **नेपाल राष्ट्र बैंकको वेबसाइट : www.nrb.org.np**

(ख) **अन्य प्रकाशित पुस्तक/पुस्तिका एवं सूचना सामग्रीहरु**

नेपाल राष्ट्र बैंक समाचार – मासिक
NRB News Letter– मासिक
नेपाल राष्ट्र बैंक समाचार बार्षिकोत्सव विशेषांक– बार्षिक
मिर्मिरे– अर्ध वार्षिक
देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति – मासिक
मौद्रिक नीति – वार्षिक
मौद्रिक नीतिको अर्धवार्षिक समीक्षा – अर्ध वार्षिक
मौद्रिक नीतिको त्रैमासिक समीक्षा – त्रैमासिक
वार्षिक प्रतिवेदन– वार्षिक
NRB Economic Review– अर्धवार्षिक
Macroeconomic Indicators– त्रैमासिक
नेपाल राष्ट्र बैंकको वासलात– मासिक
Nepal Rastra Bank: Then, Now and Ahead; April 2016
विद्यार्थीसंग नेपाल राष्ट्र बैंक, २०७० पुस
Sixty Years of Nepal Rastra Bank
Reflection of Former Governors

(ग) **केन्द्रीय कार्यालयका टेलिफोन नम्बरहरू**

केन्द्रीय कार्यालय, बालुवाटरका टेलिफोन एक्सचेन्जका नम्बरहरू
४४१९८०४/८०५/८०६/८०७
केन्द्रिय कार्यालयका हण्टिङ टेलिफोन नम्बरहरू
४४२१२००
४४१९८०५
४४११२५०

(घ) **बैंकिङ कार्यालय काठमाडौ, वालुवाटारका टेलिफोन एक्सचेन्जका नम्बरहरू**

४४४१०४४/४६/३८/५५

(ङ)	**उपत्यका बाहिरका कार्यालयका टेलिफोन नम्बरहरु**

| सि.नं. | कार्यालयको नाम | स्थान | टेलिफोन नं. | फ्याक्स नं. |
|---|---|---|---|---|
| १. | ने.रा.बैंक, विराटनगर कार्यालय | विराटनगर | ०२१-४४२१९० | ०२१-४४२३१९ |
| २. | ने.रा.बैंक, जनकपुर कार्यालय | जनकपुर | ०४१-४२६३६२ | ०४१-४२६२७७ |
| ३. | ने.रा.बैंक, वीरगंज कार्यालय | वीरगंज | ०५१-४१८१५३ | ०५१-४१८१०२ |
| ४. | ने.रा.बैंक, पोखरा कार्यालय | पोखरा | ०६१-४६२७१४ | ०६१-४६२५६१ |
| ५. | ने.रा.बैंक, सिद्धार्थनगर कार्यालय | सिद्धार्थनगर | ०७१-५२०३४४ | ०७१-५२०१८९ |
| ६. | ने.रा.बैंक, नेपालगञ्ज कार्यालय | नेपालगञ्ज | ०८१-५२०३२६ | ०८१-४१५०८३ |
| ७. | ने.रा.बैंक, धनगढी कार्यालय | धनगढी | ०९१-५२७७०८ | ०९१-५२१३२२ |